जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ९० २०७८ साल कात्तिक १४ गते आइतबार (31 Oct. 2021 Sunday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

चाडपर्व हाम्रा साँस्कृतिक पहिचान,
मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पूरा हुँदै 'इन्डक्सन' चुल्होमा. ३ पृष्ठमा : स्थानीय तहको निर्वाचनलाई... ३ पृष्ठमा : चीनले एक महिनाभित्र ...

## कक्षा ९ देखी १२ सम्म सहकारी शिक्षा पढाउने तयारी

**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

राष्ट्रिय सहकारी महासंघकी वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले सरकारले कक्षा ९, १०, ११ र १२ को पाठ्यक्रममा सहकारी शिक्षा समावेश गरि पढाउने तयारी भइरहेको जानकारी दिएकी छिन् ।

जनज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठको शनिबार १० औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उनले सो जानकारी दिएकी हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेपाल सरकारको निर्णयलाई शिक्षा मन्त्रालयले चाडै नै कार्यान्वयनमा

*बाँकी दुइ पृष्ठमा*




## चाडपर्वलाई लक्षित गरि सरसफाई अभियान



**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

राजविराज नगरपालिकाले सरसफाई अभियान सुरु गरेको छ। चाड पर्वलाई लक्षित गरी नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले सरसफाई अभियानको शुभारम्भ गरेका छन् ।

प्रमुख यादवले

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# तरकारीमा समेत मूल्य बृद्धि हुँदा अनुगमन समिति मौन

चावपर्वको आगमनसँगै अहिले राजविराजमा दैनिक उपभोग्य बस्तुसँगै तरकारीको मुल्य समेत आकाशिएको छ। दशैं अगाडी ती बस्तुहरुको मुल्यमा थारै बृद्धि भएपनि अहिले तिहारको आगमनसँगै मुल्य अकाशिएको हो। दैनिक उपभोग्य बस्तु चामल, दाल, खाने तेल लगायत अन्य बस्तुहरुमा मुल्य अत्याधिक बृद्धि भएको छ। केही दिनअगाडी सम्म सामान्य मुल्य बृद्धि भएपनि अहिले हवात मुल्य बृद्धि भएपछि उपभोक्ताहरु मारमा परेका छन्।

यस्तै हरियो सागसब्जी तथा तरकारीहरुमा मुल्य भने झण्डै तेब्बर बृद्धि भएको छ। २० रुपैया किलोमा पाउने आलु अहिले ४५ पुगेको छ भने काउलीको मुल्य २ सय माथी पुगेको छ। यस्तै प्याज ३० रुँपैया किलो पाउने अहिले ८० पुगेको छ। कुनै पनि तरकारी एक सय रुँपैया किलो भन्दा कम छैन्। यता हरियो तरकारीमा साग भने ३५ रुँपैया पाउकै भएको छ। यसरी हेर्दा सागको मुल्य झण्डै डेढ सय किलो पुगेको छ। यो मुल्य एउटा दुई छाक कमाएर खाने व्यक्तिका लागि अत्याधिक हो भने मध्यम वर्गका लागि पनि नौलो भएको छ। यसरी सबै थोकमा मुल्य बृद्धि भएपछि उपभोक्ताहरुको दैनिकी बजेटले भ्याउन सकिरहेको छैन्। बजार अनुगमन टोलीको भुमिका भने शुन्य देखिएको छ। मात्र नामको अनुगमन टोलीको यसतर्फ ध्यान पुग्न सकेको छैन्। उपभोक्ता मारमा पर्दा समेत सम्बन्धीत निकाय मौन रहेको छ।

तसर्थ यस्ता कृतिम मुल्य बृद्धितर्फ सम्बन्धीत निकायको ध्यानाकर्षित हुनु आवश्यक छ भने दोषिमाथी कारवाही गर्न पनि उत्तिकै जरुरी छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पूरा हुँदै 'इन्डक्सन' चुल्होमा खाना पकाउने नेपालीको सपना

काठमाडौं, १३ कात्तिक (रासस)। नेपालीका लागि विद्युतीय चुल्होमा खाना पकाउने विषय एकाध वर्ष पहिले एउटा दन्त्यकथा जस्तै थियो। बिजुलीको सहज उपलब्धता थिएन। बिजुली कहिले आउँछ र कहिले जान्छ भन्ने कुराको कुनै टुङ्गो थिएन। विदेशतिर बिजुलीको चुल्होमा खाना पकाउने गरिएको छ भन्दा पनि आश्चर्य मान्नुपर्ने अवस्था थियो।

नेपाल विद्युत् प्राधिकरणले हरेक साता निकाल्ने लोडसेडिङको सूचनामा जीवन खोज्न अभिसप्त थिए, नेपाली। समय बदलियो, अवस्थामा परिवर्तन आयो। क्रमशः लोडसेडिङको अन्त्य भयो। तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले काठमाडौं उपत्यकामा र क्रमशः देशका अन्य स्थानमा लोडसेडिङ हटायो।

त्यसपछि सरकारले त्यसलाई क्रमशः अगाडि बढाए। अघिल्लो पटक ऊर्जामन्त्री वर्षमान पुनले बिजुलीको महशुल घटाउने पहल गर्नुभयो। यसपटक सोही मन्त्रालयको जिम्मेवारी सम्हालेको दिनदेखि नै मन्त्री पम्फा भुसालले एउटा नारा दिनुभयो। त्यो नारा थियो 'विदेशी ग्यास छाडौं, स्वदेशी बिजुली प्रयोग गरौं।' केही वर्ष पहिलेसम्म बिजुली बाल्ने कुरा नै नेपालीका लागि ठूलो थियो। पछिल्ला दिनमा माथिल्लो तामाकोशीलगायतका आयोजना नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा थप भएपछि वर्षायाममा मुलुक बिजुलीमा आत्मनिर्भर भएको छ। अब मागअनुसार बिजुली उपलब्ध हुने अवस्था सिर्जना भएको छ।

प्रणालीमा झण्डै दुई हजार मेगावाट बिजुली उपलब्ध भएका सन्दर्भमा मन्त्री भुसालले जानीबुझीकन नै विदेशी ग्यास छाड्ने र स्वदेशी बिजुली उपभोग गर्ने योजना अगाडि सार्नुभएको हो। नेपाल आयल निगमको विवरणअनुसार झण्डै रु ४० अर्ब बराबरको खाना पकाउने एलपी ग्यास आयात हुने गरेको छ। शुक्रबार त निगमले एलपी ग्यासको मूल्य वृद्धि गरेर प्रतिसिलिण्डर रु एक हजार ५०० पुऱ्याएको छ। अझै पनि ग्यासमा प्रतिसिलिण्डर ४६१ रुपैयाँ २२ पैसा घाटा रहेको निगमका सहायक प्रवक्ता पुस्कर कार्कीको भनाइ छ।

यही विषम अवस्थालाई ध्यान दिएर सरकारले खान पकाउनका लागि विद्युतीय चुल्होको बढावा दिन यस पटक बिजुलीको महशुलमा रणनीतिक परिवर्तन गरेको छ। चालू आवका लागि तय भएको महशुल प्रस्थान बिन्दु भएको विद्युत् नियमन आयोगको भनाइ छ। आयोगका अध्यक्ष डिल्लीबहादुर सिंहका अनुसार सरकारको नीति तथा कार्यक्रम र योजनाअनुसार नै आयोगले विद्युतीय चुल्होको प्रयोग बढोस् भन्ने ध्येयका साथ महशुलमा छुट दिइएको छ।

एकातिर देशभित्र बिजुली खपत नभई खेर जाने अवस्था सिर्जना भएको र अर्कोतर्फ भारतले पनि आयात गर्न दिने तर निर्यातमा भने सहजीकरण नगर्ने अवस्था आएपछि प्राधिकरणले विद्युतीय चुल्होको बढावा गर्न लागेको हो। सरकार र त्यसमा पनि विशेष गरी ऊर्जामन्त्री भुसालको योजनाअनुसार नै विद्युतीय चुल्होका प्रयोग बढाउनका लागि महशुलमा थप प्रोत्साहनको नीति लिइएको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार आगामी मङसिर १ गतेदेखि लागू हुने महसुलमा प्रत्यक्षरूपमा त्यो सुविधाको अनुभव गर्न सकिन्छ।

आयोगले स्वीकृत गरेको महशुल अनुसार १०१ युनिटदेखि २५० युनिटसम्मको खपत गर्नेलाई यसबाट एउटै 'स्ल्याब'मा राखेर महशुल तोकिएको छ। त्यसमा लाग्दै आएको डिमान्ड शुल्कसमेत घटेको छ। उपलब्ध ऊर्जा खेर नजाने गरी देशभित्रै बिजुलीको माग र खपत बढाउँदै लैजाँदा त्यसको लाभ अन्ततः सबैलाई हुने भएकाले बिजुलीको महसुल क्रमशः घटाउँदै लैजाने नीति लिइएको छ।

कार्यकारी निर्देशक घिसिङका अनुसार गत वर्ष १० प्रतिशतले महशुल घटेकामा यसपटक झण्डै चार प्रतिशतले घटेको छ। सिंगल फेजबाट १५१ देखि २५० युनिटसम्म बिजुली उपभोग गर्ने ५ एम्पियर, १५ एम्पियर र ३० एम्पियरका ग्राहस्थ उपभोक्ताले अब क्रमशः रु १०० देखि १५० मात्रै तिरे हुने व्यवस्था गरिएको छ। मासिक ४०० युनिटभन्दा बढी बिजुली खपत गर्ने ग्राहकले अब न्यूनतम रु १५० र अधिकतम रु २५० मात्रै तिरे हुने व्यवस्था गरिएको छ। यो व्यवस्थाका पछाडि विद्युतीय चुल्होको प्रयोगमा बढावा दिने नीतिले काम गरेको छ।

विगतमा २५० देखि ४०० सम्म अर्को स्ल्याब थियो। तर, यसपटक हामीले त्यो स्ल्याब राखिएको छैन। नयाँ व्यवस्थाअनुसार अब २५० माथि सबै एउटै स्ल्याब राखिएको छ। आयोगले स्वीकृत गरेको महशुलअनुसार अब २५० युनिटभन्दा बढी जति खपत गरे पनि एउटै महशुल कायम गरिएको छ। स्वीकृत महशुलअनुसार ४०० युनिटभन्दा माथिको हकमा प्रतियुनिट रु ११ मात्रै तिरे हुने व्यवस्था गरिएको छ। घरायसी ग्राहकले सकेसम्म धेरै बिजुली खपत गर्न सकुन् भनेर प्रोत्साहनको नीति अगाडि सारिएको छ।

मन्त्री भुसालका अनुसार यसपटक खासगरी पाँच प्रतिशतसम्म महशुल घटेको छ। यस्तै, कमजोर आय भएका र २० युनिटसम्म बिजुली प्रयोग गर्ने ग्राहकले रु ३० मात्रै तिरे हुने व्यवस्था जनतालाई खास अर्थमा दिइएको राहत भएको उहाँको भनाइ छ। मन्त्री भुसाल प्राधिकरण सञ्चालक समितिको अध्यक्षसमेत हुनुहुन्छ। प्राधिकरणले पछिल्ला वर्षमा लगातार मुनाफा गरेको र आगामी दिनमा अझै राम्रो गर्दै जाने नीति र कार्यक्रम अगाडि सारिएको पनि महशुल घटाएर राहत दिइएको मन्त्री भुसालको भनाइ छ। अब लागत घटाउने, प्राधिकरणका अन्य खर्च घटाउँदै जाने लक्ष्यका साथ नीति तथा योजना अगाडि सारिएको हो।

प्राधिकरणले बिजुलीको खपत बढाउन प्रसारण र वितरण प्रणालीमा योजनाबद्धरूपमा सुधार गरिरहेको छ। ट्रान्सफर्मरको क्षमता वृद्धि, कन्डक्टर परिवर्तन तथा बढी माग हुने क्षेत्रमा अन्य प्राविधिक सुधारसमेत गरिरहेको छ। यसले आन्तरिकरूपमा नै बिजुलीको खपत हुने वातावरण क्रमशः बन्दै जाने अनुमान गरिएको छ।

# इन्धनको मूल्यवृद्धिमा पुनर्विचार गर्न नेता सिंहको आग्रह

काठमाडौं, १३ कात्तिक (रासस)। नेपाली काङ्ग्रेसका नेता प्रकाशमान सिंहले चाडपर्वको मुखमा भएको इन्धनको मूल्य वृद्धिबाट कम आय भएका जनता नराम्ररी प्रभावित हुने बताउँदै त्यसमा पुनर्विचार गर्न सरकारसँग आग्रह गर्नुभएको छ।

दीपावली, नेपाल सम्वत् र छठ पर्वका अवसरमा नेपाली काङ्ग्रेस काठमाडौं महानगरपालिका-८ वडा इकाइ समितिले शनिबार यहाँ आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले नेपाल आयल निगमको व्यवस्थापनका सबै पक्षलाई सूक्ष्म विश्लेषण गरी उसले गरेका फजुल खर्च घटाउनेतर्फ सरकार लाग्नुपर्ने सुझाव दिनुभयो।

शनिबारदेखि लागू हुनेगरी निगमले गरेको इन्धनको मूल्य वृद्धिको विरोध गर्दै नेता सिंहले निगमको व्यवस्थापनलाई चुस्त तुल्याउँदै उसले व्यहोर्नुपरेको नोक्सानी घटाउन सकिने प्रशस्त स्थान रहेको टिप्पणी गर्नुभयो।

देशलाई वेथितिबाट पार लगाउन नेपाली काङ्ग्रेसको नेतृत्वमा वर्तमान सरकार गठन भएको तर्क गर्दै उहाँले जनचाहनाअनुसार सरकारले काम गर्नुपर्नेमा जोड दिनुभयो। "इन्धनको मूल्यवृद्धिले जनतालाई राहत होइन आहत पारेको छ," उहाँले भन्नुभयो।

पटक-पटक पार्टीको १४ औं महाधिवेशनको तिथि सारिएकामा रोष प्रकट गर्दै नेता सिंहले पछिल्लो समयमा घोषित मितिमा नै महाधिवेशन सम्पन्न गर्नेपर्नेमा जोड दिनुभयो। विधि र पद्धतिअनुसार पार्टी सञ्चालन नभएकामा चिन्ता व्यक्त गर्दै उहाँले 'व्यक्ति होइन विचार'लाई मानेर अघि बढ्न पार्टी कार्यकर्तालाई आग्रह गर्नुभयो।

इकाइ सभापति आशमान सङ्गतले तल्लो तहदेखि नै इमानदार नेतालाई नेतृत्वमा पुऱ्याउनु समयको माग भएको विचार व्यक्त गर्दै पार्टीको छविमा आँच आउने गतिविधि नगर्न तथा राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको सुदृढीकरणका लागि पार्टीपङ्क्ति एकढिक्का हुनुपर्नेमा जोड दिनुभयो।

## कक्षा ९ देखी १२ ...

ल्याउने तयारी गरिरहेकोले कक्षा ९, १०, ११ र १२ मा मात्र नभएर त्रिभुवन विश्वविद्यालयले पनि स्नाकोत्तर तहमा सहकारी विषयको पढाई गराउनेमा जुटेको बताइन्।

सहकारी क्षेत्रमा भइरहेको विकासप्रति चासो व्यक्त गर्दै उनले प्रदेश २ मा हालसम्म पनि सहकारी ऐन नबनेकाले चिन्ता समेत व्यक्त गरिन। एक सदस्य एक सहकारीको सदस्य मात्र बन्न पाउने प्रावधान चाडै नै लागु हुने बताउँदै वरिष्ठ उपाध्यक्ष मल्लले सहकारी एउटा पाटीको नभएर जनताको हो भन्ने सबैले बुझ्नु जरुरी रहेको भनिन्।

मुलुकभरमा ७३ लाख ७ हजार व्यक्ति सहकारी सदस्य रहेकोमा ५६ प्रतिशत महिला नै रहेकोमा सहकारीमा महिलाको प्रतिनिधित्व पुरुष भन्दा बढी रहेकाले महिलाहरु सहकारीप्रति बढी सकारात्मक रहेको सन्देश प्रवाह भएको बताइन्।

"विश्वको १२ प्रतिशत जनसंख्या सहकारीका सदस्य छन्, जसमा १० प्रतिशत जनता सहकारीमै रोजगार पाएका छन्।" उनले भनिन्, "सहकारी विश्वमा यूएनपछिको दोश्रो सबै भन्दा ठूलो संस्था हो, जसमा महिलाहरु नै बढी सदस्य छन्।"

वरिष्ठ उपाध्यक्ष मल्लले सप्तरीलाई कार्य क्षेत्र बनाएर जनज्योतीले गरिरहेको कार्य प्रशंसायोग्य रहेको भन्दै आगामी दिनका लागि संस्थाले ल्याएको रणनीतिक व्यवसायीक योजनाले सफलता पाउने विश्वास व्यक्त गरिन्।

सो कार्यक्रममा राष्ट्रिय सहकारी बैंक राजविराजका शाखा प्रबन्धक चन्द्रमणि भट्टराइले सहकारी संस्थाका सदस्यहरुलाई आगामी दिनमा बैंकले फण्ड ट्रान्सफर बैंकिङ सुविधान ल्याउन लागेको जानकारी दिए। उनले यस सुविधाबाट कुनै पनि सहकारी सदस्यले अन्य सहकारीका सदस्यको खातामा रकम ट्रान्सफर गर्न मिल्ने बताए।

यस्तै कार्यक्रममा राजविराज वडा नं. ९ का अध्यक्ष शम्भुप्रसाद यादवले जनज्योति कृषि सहकारी संस्थाले वडाको मात्र नभएर जिल्लाकै सहकारी क्षेत्रको विकासमा पुऱ्याएको योगदान वडावासीका लागि गौरान्वित रहेकोमा प्रशंसा गरे। उनले वडावासीलाई बिजुली, टेलिफोन बिल, विदेशबाट आएको रकम लगायत अन्य बैंकिङ कारोबार संस्थाबाटै गरिरहेकाले सजिलो भएको बताए।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा उनले अध्यक्षिय प्रतिवेदनसँगै संस्थाको चार वर्षे रणनीतिक व्यवसायी योजना प्रस्तुत गरेका थिए।

प्रस्तुत गरिएको प्रतिवेदनमा संस्थाले आगामी आ.ब. २०८१/८२ सम्ममा शेयर पुजी बढाएर ५ करोड २३ हजार १ सय रुँपैया पुऱ्याउने लक्ष्य लिइएको छ। यस्तै आ.ब. २०७७/७८ मा संस्थाको शेयर सदस्य २ हजार ८९ जना रहेकोमा त्यस वापत शेयर पुँजी २ करोड ३० लाख २३ हजार १ सय तथा निक्षेप संकलन ५ करोड ७६ लाख ९४ हजार ४ सय ४६ रुँपैया ५३ पैसा र कर्जा लगानी १३ करोड ६४ लाख ६५ हजार ६ सय ८७ रुँपैया ७६ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ।

# स्थानीय तहको निर्वाचनलाई लक्षित गरी मतदाता नामावली सङ्कलन गरिँदै

काठमाडौँ, १३ कात्तिक (रासस) ।

निर्वाचन आयोगले आउँदो स्थानीय तहको निर्वाचनलाई लक्षित गरी पालिकास्तरमै टोली खटाएर मतदाता नामावली सङ्कलन विशेष अभियान सञ्चालन गर्ने भएको छ ।

स्थानीय तहको निर्वाचनको मिति घोषणा हुनुपूर्व नै मतदाता नामावलीसम्बन्धी काम सम्पन्न गर्नुपर्ने कानूनी व्यवस्थाअनुरुप आयोगले नामावली सङ्कलनको अभियान सञ्चालन गर्न लागेको हो ।

राससससँग कुराकानी गर्दै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मुलुकका सबै पालिका केन्द्रमा मङ्सिर १ गते वा अर्को कुनै उपयुक्त समयमा टोली खटाएर मतदाता नामावली सङ्कलन विशेष अभियान अघि बढाइने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आउँदो चैतसम्ममा स्थानीय तहको निर्वाचन हुन्छ भन्ने कानूनी व्यवस्थालाई टेकेर आउँदो मङ्सिर मसान्त अभियान सम्पन्न गर्ने हेतुले मतदाता नामावली सङ्कलन विशेष अभियान सञ्चालन गरिनेछ ।"

जनताको घरदैलो नजिक पुगेर सेवा प्रदान गर्ने क्रममा आयोगले नामावली सङ्कलन गाउँपालिकाको केन्द्रमै दर्ता टोली खटाएर गराउन लागेको हो । मतदाता नामावलीमा नाम दर्ताका लागि १८ वर्ष पुगिसकेका व्यक्तिले पालिका केन्द्रमा आउने टोलीसमक्ष नेपाली नागरिकताको प्रमाणपत्र देखाएर आफ्नो नाम दर्ता गराउन सक्नेछन् ।

अभियानमा नाम दर्ताका सन्दर्भमा १६ वर्ष उमेर पुगेका व्यक्तिकोसमेत नाम दर्ता र तस्वीर खिच्ने काम हुनेछ । निर्वाचनका लागि मतदाता नामावली सबैभन्दा प्राथमिक विषय मानिएकाले आयोगले विशेष अभियानमार्फत मतदाता नामावली अद्यावधिक गर्न लागेको हो ।

आयोगले रोजगारी, पठानपाठन र व्यवसायका सिलसिलामा स्थायी ठेगानाभन्दा बाहिर रहे बसेका मतदातालाइ छिट्टै नै सबै निर्वाचन कार्यालय, इलाका प्रशान कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ३६५ दिन नियमितरूपमा मतदाता नामावली नाम दर्ताका लागि आवश्यक स्थायी बन्दोबस्ती मिलाउन लागेको छ ।

कार्यस्थलबाटै आफनो स्थायी ठेगानामा मतदाता नामावलीमा नाम सङ्कलन गर्न चाहनेलाई सहज तुल्याउने हेतुले आयोगले मुलुकभरका सबै निर्वाचन कार्यालयबाट बाह्य जिल्लाकोसमेत मतदाता नामावलीमा नाम दर्ता गर्ने अभियान पनि प्रारम्भ गर्न लागेको हो ।

आगामी दिनमा यो अभियानलाई कानूनी बन्दोबस्तभित्र राखेर सधैँ नियमितरुपमै सङ्कलन गर्ने व्यवस्था मिलाइने प्रमुख आयुक्त थपलीयाले जानकारी दिनुभयो ।

विद्यमान निर्वाचन ऐनअनुरुप निर्वाचनको मिति तय भएपछि मतदाता नामावली सङ्कलन गर्न नसकिने प्रावधान छ । मतदाता नामावली सङ्कलन गर्नका निम्ति निर्वाचन आयोगलाई एकाधिकार छ ।

आयोगले नियमितरूपमा जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र इलाका प्रशासन कार्यालय मतदाता नामावली दर्ता गर्दै आएको छ । निर्वाचन आयोगले कुनै पनि मतदाता मतदानमा नछुटुन् भन्ने ध्येयले निर्वाचन अघि निर्वाचनलाई लक्षित गरी नामावली सङ्कलनसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरी मतदाता नावमाली सङ्कलन गर्दै आएको छ ।

## चाँदीका गहनासहित पक्राउ

वीरगञ्ज, १३ कात्तिक (रासस) ।

भारतको रक्सौलबाट अवैधरूपमा वीरगञ्जतर्फ ल्याउँदै गरिएको चाँदीका गरगहनासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

चाँदी जस्तो देखिने धातुबाट बनेको तयारी गरगहना एक किलो ४५ ग्रामसहित भारतीय बीआर२२एसी ४०९९ नंको पल्सर मोटरसाइकलमा सवार वीरगञ्ज महानगरपालिका- १ का ३९ वर्षीय रामबाबु साह सोनारलाई प्रहरीले वीरगञ्ज महानगरपालिका-१७ अलौ सिर्सियाबाट पक्राउ गरी आवश्यक कानुनी कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया पठाएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५


# विश्व समाचार

## चीनले एक महिनाभित्र कोरोना नियन्त्रण गर्नसक्छ : महामारी विशेषज्ञ

ग्वाङ्झोउ, १३ कात्तिक (रासस/सिन्ह्वा) ।

चीनका वरिष्ठ महामारी विशेषज्ञ झोङ नानसानले चीनले एक महिनाभित्रै कोभिड-१९ को पछिल्लो सङ्क्रमणलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न सक्ने बताएका छन् ।

देशका विभिन्न भागमा छिटपुट स मामिला रिपोर्ट गरिएकाले शनिबार चिकित्सको वेबिनारमा बोल्दै महामारी विशेषज्ञ झोङ उक्त टिप्पणी गरेका हुन् ।

कोरोनाभाइरस र महामारीलाई छोटो अवधिमा उन्मूलन गर्न सकिँदैन, झोङले अन्य देशलाई कोभिड-१९ विरुद्ध कडा र प्राथमिकताका उपायहरू अपनाउन र सक्रिय रूपमा खोप लगाउन आह्वान गरेका छन् ।

झोङले यस वर्षको अन्त्यसम्ममा ८० प्रतिशतभन्दा बढी चिनियाँ बासिन्दालाई पूर्णरूपमा खोप लगाइसकिनेमा आफू आशावादी रहेको बताए ।

## के कोभिड-१९ को खोप बालबालिकाका लागि सुरक्षित छ ?

संयुक्त राज्य अमेरिका, १३ कात्तिक (रासस/एपी) ।

लामो समयदेखि विश्व आक्रान्त पारिरहेको कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्नका लागि अनेक प्रयास गरिए पनि यो पूर्णरूपमा नियन्त्रण हुन् सकेको छैन । विभिन्न किसिमका खोप उत्पादन भइरहेका छन् तर ती बालबालिकाका लागि कत्तिको प्रभावकारी छन् भन्ने कुरा अझै अनुसन्धानको विषय बनिरहेको छ । यसै सन्दर्भमा लौरान निर्गाडको एक सर्वेक्षणले बताएअनुसार १२ देखि १७ वर्षका लाखौं बालबालिकाले अमेरिकामा सुरक्षितरूपमा फाइजर खोप लगाएपछि हाल अमेरिकी यसको प्रभावकारिता बारे थप अनुसन्धान गरिरहेका छन् ।

तीमध्ये ५ देखि ११ वर्षका बालबालिका र वयस्कलाई दिइने खुराकको एक तिहाइ मात्रा दिइने गरेको छ । खाद्य र औषधि प्रशासनले शुक्रबार बच्चालाई अनुकूल हुने प्रकारको डोज तयार पारेर रोग नियन्त्रण तथा रोकथाम केन्द्रलाई सिफारिस गरेको छ ।

यो खोपको बालबालिकामा पर्ने साइड इफेक्टका बारेमा अध्ययन भइरहेका बेला एमोरी विश्वविद्यालयका बाल हृदय रोग विशेषज्ञ डा म्याथ्यू ओस्टरले खोपपछि कहिलेकाहीँ बच्चामा पनि विभिन्न खालका असर देखिन सक्ने हुन्छ जसलाई कोरोनाभाइरस सङ्क्रमणपछि मल्टिसिस्टम इन्फ्लेमेटरी सिन्ड्रोम भनिन्छ भनेर औंल्याएका छन् । केही बालबालिका र वयस्यमा मुटु सुन्निने लगायतका गम्भीर साइड इफेक्ट देखिने गरेको पनि उनले बताएका छन् । तर खोपले काम गर्न थालेपछि यस्ता सामान्य समस्या आफै निको हुने पनि विज्ञले बताएका छन् ।

## भारतमा कोभिड-१९ का १४,३१३ नयाँ बिरामी थपिए

नयाँ दिल्ली, १३ कात्तिक (रासस/सिन्ह्वा) ।

भारतमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या शनिबार बढेर ३४,२६०,४७० पुगेको छ । पछिल्लो २४ घण्टामा देशभर १४,३१३ नयाँ बिरामी थपिएको भारतको सङ्घीय स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्याङ्कले देखाएको छ ।

यसबाहेक शुक्रबार बिहानसम्म कोभिड सङ्क्रमणबाट थप ५४९ जनाको मृत्यु भएको छ । यो सङ्गै मृत्यु हुनेको सङ्ख्या चार लाख ५७ हजार ७४० पुगेको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार सङ्क्रमणबाट मृत्यु हुनेमा अधिकांश दक्षिणी राज्य केरलाका छन् । हाल देशमा १६१,५५५ सक्रिय सङ्क्रमित छन् । पछिल्लो २४ घण्टामा भने १३ हजार ५४३ नयाँ निको भएका छन् । यो सङ्गै निको हुनेको सङ्ख्या ३३,६४१,१७५ पुगेको छ ।

# तोपा र लोखरममा लोसपाद्वारा सदस्यता बितरण




**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सदस्यता अभियानलाई निरन्तरता दिदै शनिबार तोपामा सदस्यता बितरण गरेको छ ।

तिलाठी कोईलाडी गाउपालिका ८ तोपाका वडा अध्यक्ष लक्ष्मी खंगको अध्यक्षतामा आयोजित सदस्यता बितरण कार्यक्रममा दर्जनौलाई सदस्यता बितरण गरिएको हो ।

यो सँग छिन्नमस्ता ५ लोखरममा तीन सय जनालाई सदस्यता बितरण गरिएको लोसपा सप्तरी नेता सुनिल झाले जानकारी दिए ।

सो अवसरमा लोसपा केन्द्रीय नेता जय प्रकाश ठाकुरले मधेशीको अधिकार सँगै दलित, मुस्लिम, उत्पिडन वर्गको अधिकारका लागि लड्ने एक मात्र बिकल्प लोसपा रहेकोले जनताले विश्वास गरेर सप्तरीको सबै तहमा निर्वाचित गराउन आग्रह गरे ।

जिसस प्रमुख प्रभाकर यादवले केही नेताहरू पदिय लोभ लालचका कारण पार्टी छोडेर गएकाले त्यसले लोसपालाई केही फरक नपर्ने बताउदै जनताले त्यसता नेतालाई मुल्यांकन गरेर चुनावमा भोट दिनुपर्ने जिकिर गरे ।

सो अवसरमा तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिँह, बिनोद सिंह, केन्द्रीय नेता पुनम यादब, लोसपा जिल्ला अध्यक्ष मण्डलका सदस्य सुनिल झा, अमरनाथ मण्डल, राजबिराज नगरपालिका उपप्रमुख साधना झा, बोदेबरसाईन उपप्रमुख रंजु साह, राजबिराज पुर्व नगर प्रमुख शैलेश चौधरी, युवा नेता दिपेन्द्र चौधरी, पुर्व क्याम्पस प्रमुख अमरकान्त झा, बिनोद यादब, दलित नेता महेन्द्र खंग लगायतले शुभकामना मन्तव्य दिएका थिए भने ललन कुमार दासले संचालन गरेका थिए ।

# उम्मेदवार अग्रवालद्वारा शुभकामना आदान प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

उद्योग बाणिज्य संघ सप्तरीको अध्यक्ष पदका एक उम्मेदवार लालप्रसाद अग्रवालले शनिबार शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिका छन् ।

उद्योग बाणिज्य संघको सभाकक्षमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा श्यामबाबा सप्लार्यसका संचालक समेत रहेका अग्रवालले उद्योगि व्यवसायीहरुको छाता संगठनलाई सबैको साझा संगठन बनाउन आफ्नो उम्मेदवारी रहन स्पष्ट पारे ।

आफूले जिम्मेवारी पाए कोरोनाका कारण संकटमा परेको व्यापार व्यवसायलाई उकास्न क्षमताले भ्याएसम्म पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष अरुण प्रधान, पूर्व अध्यक्ष मनोज मुन्ध्डा, पत्रकार महासंघका पूर्व अध्यक्ष मूरली प्रसाद यादव, इटा व्यवसायी संघका अध्यक्ष दुर्गानन्द साह, उद्योगी एवं कानुन व्यवसायी सुरेश सिंह लगायतले दिपावली एवं छठ पर्वको शुभकामनासहित संघको आगामी निर्वाचनमा योग्य, सक्षम र इमान्दार व्यक्तित्वलाई नेतृत्व सुम्पनु पर्नेमा जोड दिएका थिए ।

व्यवसायी बैजु जोशीद्वारा संचालित कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुर्याउने एक दर्जन व्यक्तित्वलाई सम्मान गरिएको थियो । उद्योग बाणिज्य संघ सप्तरीले आउदो मंसिर ४ गतेलाई शाखाको निर्वाचन तोकेको छ । जसमा जिल्लाको १८ वटै स्थानिय तहका गरि संघमा करिब २ हजार मतदाता छन् ।

# जसपालाई प्रचण्डको प्रस्ताव : अब पार्टी एकता गरौं

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ कात्तिक ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनता समाजवादी पार्टीसँग एकताको प्रस्ताव गरेका छन् ।

शनिबार सर्लाहीमा आयोजित कार्यक्रममा उनले छिटै पार्टी एकता गर्न प्रस्ताव गरेका हुन् । कार्यक्रममा आफूसँगै उपस्थित जनता समाजवादी पार्टीका नेता महेन्द्र राय यादवलाई सम्बोधन गर्दै उनले भने, 'म महेन्द्रजीलाई पनि भन्छु पार्टी एकता गरौं, ढुक्कै । क्षेत्रीय पार्टी बनाएर किन बस्ने ?'

जसपाका अध्यक्ष उपेन्द्र यादवले पनि आफूलाई राम्रोसँग चिन्ने भन्दै प्रचण्डले भने, 'गठबन्धन त हामीले गरेकै छौं । अब पार्टी एकता गरौं । ढिलो नगरौं, तपाईहरुलाई चाहिने अधिकार र सम्मान हामी दिन्छौं ।'

प्रचण्डले पार्टी एकताको छिटो निर्णय गरेर जनकपुरमा घोषणा गर्नुपर्ने पनि बताए । 'नडराई पार्टी एउटै बनाऔं, सिद्धियो, म जनकपुरमा आउँछु । जनकपुरमा घोषणा गरौं' उनले भने ।

प्रचण्डले अघि भने, 'एकता मन परेन भने भन्यो भने तपाईहरुमा पनि केही पल्क्यो भन्ने बुझे हुन्छ, भीरबाट हामफाल्ने गोरुलाई रामराम भन्न सकिन्छ काँध थाप्न सकिँदैन । अब मधेस माओवादीमय हुनेछ ।'

मधेस माओवादीमय नहुँदासम्म मधेसी जनताको वास्तविक अधिकार प्राप्त नहुने र विकास पनि नहुने प्रचण्डले दावी गरे ।

प्रचण्डले आफूलाई मधेसको मसिहा भन्ने महन्थ ठाकुर र राजेन्द्र महतो मधेसविरोधी केपी शर्मा ओली नेतृत्वमा सहभागी भएको टिप्पणी गरे । 'को मधेसको मित्र हो, को मधेसको दुश्मन हो ?' उनले प्रश्न गरे, 'महन्थ ठाकुरहरु मधेसी हुन् ?'

अनलाइन खबरबाट

## चाडपर्वलाई लक्षित ...

राजविराजस्थित भगवती पोखरीलाई शनिबार सरसफाई गर्दै अभियानको शुभारम्भ गर्दै अभियान अन्तर्गत राजविराज नगर क्षेत्रभरीका जलाशय, धार्मिकस्थल लगायतका स्थानलाई सरसफाई गरिने छ । उनले अभियानमा सहयोग गर्न सर्वसाधारणलाई पनि आग्रह गरेका छन् ।


राष्ट्रिय जनगणना २०७८
मेरो गणना-मेरो सहभागिता

➢ जनगणनामा विशेष गरी

- अल्पसंख्यक समुदाय, देशका दूरदराज र पिछडिएका क्षेत्रमा बसोबास गर्ने मानिस, आमसञ्चारको पहुँचबाट पर रहेका समुदाय, रोजगारीको लागि अत्यधिक व्यस्त रहनु पर्ने व्यक्तिहरु छुट्ने सम्भावना धेरै हुन्छ ।

त्यसैले;

➢ आफ्नो घर, टोल, छिमेक, बस्ती, समुदाय आदिमा कोही छुटेको थाहा पाइएमा पैसा नलाग्ने फोन नम्बर ११७८ मा फोन गरी जानकारी दिऊँ ।

गणना गर्ने अवधि: कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड



मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ





तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं

मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : राजगढ गाउँ
कार्यपालिकाको कार्यालय सप्तरी



देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*